# मुलुकी संहिता दिवस,२०७८ को अवसरमा माननीय कानून,न्याय तथा संसदीय मामिला मन्त्री श्री ज्ञानेन्द्र बहादुर कार्कीले दिनु भएको मन्तव्य

नेपालको लिखित कानूनी इतिहासको आधार स्तम्भ तथा नागरिकको दैनिक जीवनसँग जोडिएका विषयलाई नियमित गर्ने महत्वपूर्ण कानूनको रुपमा रहेको मुलुकी ऐनलाई प्रतिस्थापन गरी सामान्य कानूनको रुपमा लागू भएका मुलुकी देवानी संहिता, २०७४, मुलुकी देवानी कार्यविधि संहिता, २०७४, मुलुकी अपराध संहिता, २०७४, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ र फौजदारी कसूर (सजाय निर्धारण र कार्यान्वयन) ऐन, २०७४ - दुई बर्षको यात्रा पूरा गरेको छ। लामो समयको प्रयास र सम्बद्ध सबै क्षेत्रको सहयोग र सहकार्यबाट नेपाल सरकारले तत्कालीन व्यवस्थापिका-संसदमा पेश गरेका संहिता सम्बन्धी विधेयकहरू रुपान्तरित व्यवस्थापिका-संसदले पारित गरी २०७५ साल भदौ १ गते अर्थात आजकै दिनबाट कार्यान्वयन आएको कुरा हामी सबैमा विदित नै छ।

समाज विकासको क्रमसँगै कानूनको परिमार्जन र नयाँ कानूनको निर्माण गतिशिल समाजको आधारभूत नियम हो। आम नागरिकको अत्यन्त चासो र सरोकार रहने विषयलाई सम्वोधन गर्ने कानूनमा गरिने व्यापक परिमार्जन वा नयाँ कानूनको निर्माण आफैमा संवेदनशिल तथा चुनौतिपूर्ण कार्य हो। संहिताहरुले नेपाली कानूनी प्रणालीमा विकसित आधारभूत मान्यता तथा विश्वव्यापी रुपमा विकासित देवानी तथा फौजदारी कानूनका नवीन अवधारणालाई समेत आत्मसाथ गरी तत्कालिन मुलुकी ऐनमा रहेको व्यवस्थामा आधारभूत रुपमा नै परिवर्तन गरेका छन्।

विशेष गरी मुलुकी देवानी संहिताले परिवार तथा समाजमा रहेका आधारभूत नैतिक नियमलाई व्यवस्थित कानूनको रुपमा सुत्रवद्ध गरेको छ। यसको साथै व्यक्ति, परिवार, सम्पत्ति, करारका आधुनिक अवधारण, दुस्कृति तथा निजी अन्तराष्ट्रिय कानून सम्बन्धी व्यवस्थालाई समेत समेटी देवानी कानून प्रणलीलाई समृद्ध तुल्याएको छ।

मुलुकी अपराध संहिताले परम्परागत अपराधलाई समेट्नुको साथै सार्वजनिक शान्ति, सार्वजनिक न्याय, सार्वजनिक हित विरुद्धका कसूर तथा आपराधिक लाभ, आपराधिक विश्वाँसघात, आपराधिक प्रवेश तथा आपधराधिक उपद्रव तथा व्यक्ति वेपत्ता पार्ने जस्ता कसूरलाई समेत समेटी फौजदारी कानूनको दायरालाई फराकिलो वनाइ न्यायपूर्ण समाजको परिकल्पना गरेको छ।

मुलुकी कार्यविधि संहीता तथा मुलुकी फौजदारी कार्यविधि संहिताहरुले मुलुकी देवानी संहीता तथा मुलुकी अपराध संहितामा गरिएका व्यवस्थालाई कार्यान्वयन तथा कामयावी तुल्याएका छन। फौजदारी कसूर (सजाय निर्धारण र कार्यान्वयन) ऐन, २०७४ ले सजाय निर्धारण गर्नुको साथै सजाय पाएका व्यक्तिलाई सामाजिकीरण गर्ने सम्बन्धमा महत्वपूर्ण आयाम थपेको छ।

लामो इतिहास र मौलिक परम्परा बोकेको मुलुकी ऐन जारी भएको ऐतिहासिक दिनकै अवसरमा लागू भएका संहिताहरूलाई नेपाली समाजले आत्मसाथ गरी कार्यान्वयनको क्रममा रहेको छन्। यी संहिताहरूको प्रभावकारी कार्यान्वयनबाट मुलुकको कानून प्रणालीमा अग्रगामी परिवर्तन हुन गई कानूनी शासन कायम गर्न तथा न्यायमा सर्वसाधारण जनताको पहुँच अभिवृद्धि हुने कुरामा मेरो पूर्ण विश्वास रहेको छ।मानवअधिकारका आधारभूत मान्यतालाई आत्मासाथ गर्दै संहिता कार्यान्वयनमा देखिएका जटिलता वा सम्बन्धित विषयमा आवश्यक पर्ने थप व्यवस्था परिमार्जन र संशोधनबाट सम्बोधन गरिंदै जानु पर्दछ।

अन्त्यमा, यी संहिताहरू तर्जुमाको क्रमदेखि कार्यान्वयनमा समेत महत्वपूर्ण भूमिका निर्वाह गर्ने व्यवस्थापिका, न्यायपालिका, नेपाल सरकारका सम्बन्धित निकाय प्रति हार्दिक आभार प्रकट गर्दछु । साथै आम नागरिकले संहिता कार्यान्वयनमा देखाउनु भएको सहयोग र सद्भाव प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।